# गढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १ मितिः २०८३।०६।१४

## भाग-१

## गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना संचालन कार्यविधि, २०८३

# गढी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# सुनसरी, कोशी प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/ /

प्रमाणीकरण मितिः २०८३/ /

## गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना संचालन कार्यविधि, २०८३

प्रस्तावना

निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई नेपालको संविधानले नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । विद्यमान कानूनले आम जनताको जनस्वास्थ्य, पोषण र शिक्षा लगायतका सेवामा अधिकतम पहुँचको लागि प्रदेश सरकार र स्थानिय सरकारलाई विशेष जिम्मेवार तुल्याएको छ । पिछडिएको वर्गका महिला तथा बालबालिका (विशेष गरेर विपन्न र सिमान्तकृत) को उचित व्यवहार परिवर्तन गरी स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याई आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न गैर सरकारी संस्था छनौट गरी सो मार्फत **"गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना"** कार्यान्वयन कार्यविधि, २०८३ गढी कार्यपालिका बैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद १
### नाम, प्रारम्भ र परिभाषा

१. **नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना" कार्यान्वयन कार्यविधि, २०८३"** रहेको छ ।

(ख) यो कार्यविधि गढी गाउँपालिकाको क्षेत्रभर लागू हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यविधि" भन्नाले **"गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना"** कार्यान्वयन कार्यविधि, २०८३ लाई सम्झनु पर्दछ ।

ख) “कार्यक्रम” भन्नाले संघीय सरकारबाट विशेष अनुदानको रुपमा गाउँपालिकालाई हस्तान्तरित **“गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना**” सम्झनु पर्दछ ।

ग) “अध्यक्ष” भन्नाले गढी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गढी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) “कार्यालय” भन्नाले गढी गाउँपालिकाको कार्यपालिका कार्यालय सम्झनु पर्दछ ।

च) “अनुदान” भन्नाले गढी गाउँपालिकामा **“गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना”** संचालन गर्न प्रदान गरिने नगद, जिन्सी वा प्रविधि समेतका सामग्रीलाई सम्झनु पर्दछ ।

छ) “अनुदानग्राही” भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने संघ वा संस्था सम्झनु पर्दछ ।

**३. उद्देश्यहरुः**

यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- महिला तथा बालबालिकाहरुको पोषण अवस्थामा सुधार गर्ने ।
- पोषणको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- स्वस्थ पोषण व्यवहारको विकास गरी व्यक्तिको स्वस्थ जीवनको प्रवर्द्धन गर्ने ।
- अन्तरव्यक्ति संचारको माध्यमबाट दीगो स्वस्थ व्यवहार परिवर्तन गर्ने ।

## परिच्छेद २

## आशयपत्र माग, मूल्याङ्कन र छनौट

### १. आशयपत्र छनौट समिति

कार्यक्रमको लागि पेश गरिएका आशयपत्रहरुको मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव छनौट समिति गठन गरी सो समितिबाट मूल्याङ्कन गरिनेछ :-

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) लेखा अधिकृत - सदस्य

ग) स्वास्थ्य शाखाको प्रमुख - सदस्य सचिव

घ) योजना अधिकृत - सदस्य

ङ) उद्यम विकास शाखा प्रमुख - सदस्य

च) प्राविधिक शाखा प्रमुख - सदस्य

छ) गाउँपालिका अध्यक्ष - विशेष आमन्त्रित सदस्य

ज) गढी गाउँपालिका उपाध्यक्ष - आमन्त्रित सदस्य

**२. आशयपत्र र प्रस्तावहरु छनौट समितिको काम कर्तव्य र अधिकारः**

प्रस्ताव छनौट समितिले यस कार्यविधिमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्ताव छनौट गरी आवश्यक निर्णय गर्नु पर्नेछ ।

**३. कार्यक्रम कार्यान्वयनका लागि गैरसरकारी संस्था छनौट प्रक्रियाः**

यस कार्यविधि मार्फत गाउँपालिकाले कार्यक्रम कार्यान्वयनका लागि अनुभवी स्वास्थ्य तथा पोषणको क्षेत्रमा कार्य गरेको गैरसरकारी संस्था छनौट गर्नेछ । सार्वजनिक खर्चलाई बढी खुल्ला, पारदर्शी र विश्वसनीय बनाउनका लागि निम्न देहायका प्रक्रिया अपनाइनेछ ।

क) यस कार्यक्रम कार्यान्वयन गर्न १५ दिनको अवधि दिई PPMO को वेबसाइटमा आशयपत्र आव्हानको सुचना प्रकाशन गर्नुपर्नेछ । संस्थाको अनुभव दक्षता, योग्यता, माग गरिएका संस्थागत कागजातहरुलाई आधार मानी आशयपत्रदाताहरुको आशयपत्र लाई छनौट गरि सुचिकृत गरिने छ । यसरी छनौट भएका आशयपत्रदाताहरुबाट सुचना प्रकाशित गरि बिस्तृत प्रस्ताव माग गर्नु पर्नेछ ।

ख) एक वा एक भन्दा बढी गैरसरकारी संघ संस्थाले एकल वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन् । तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी गर्न सकिने छैन । संयुक्त उपक्रमका साझेदार संस्थाहरुको विधानको उद्देश्यमा स्वास्थ्यको क्षेत्रमा कार्यक्रम गर्ने उल्लेख गरिएको र विगतमा स्वास्थ्य क्षेत्रमा कम्तिमा ५ वर्षको कार्यक्रम कार्यान्वन गरेको कार्य अनुभव हुनुपर्नेछ । साथै मुख्य साझेदार संस्थाको स्वास्थ्य क्षेत्रमा कम्तिमा १० वर्षको कार्यक्रम कार्यान्वन गरेको कार्य अनुभव अनिवार्य हुनुपर्नेछ ।

ग) प्रथम पटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशय पत्रदाता छनौट हुन नसकेमा गाउँपालिकाले पुनः PPMO को वेबसाइटमा सूचना प्रकाशन गरी ७ दिनको अवधी दिई आशयपत्र माग गर्नु पर्नेछ ।

घ) दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा ३ वटा आशयपत्र छनौट हुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ ।

ङ) आशयपत्रदाताले खुलाउनु पर्ने विवरणः

१. संघ संस्थाको संस्थागत विस्तृत विवरण,

२. संस्थाको विगत दस वर्षको कार्यहरु मध्ये अधिकतम आर्थिक कारोबार गरेको कुनै ३ वर्षमा यस कार्यक्रमको अनुमानित बजेटको कम्तीमा २ गुणा बराबरको आर्थिक कारोबारका साथै समान प्रकृतिको गरेको काम र स्थानको विवरण

३. प्रस्तावित कार्यमा संस्थाको तर्फ बाट संलग्न हुने प्रमुख जनशक्तिको व्यक्तिगत विवरण ।

च) यस कार्यविधि बमोजिम पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी गाउँपालिकाले आशयपत्रदाताको छनौट गर्नुपर्नेछ । छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :

आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ताको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र र अद्यावधिक नवीकरण, अद्यावधिक करचुक्ता प्रमाणपत्र, कार्यानुभव पत्र, विगत ३ आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन । आशयपत्रका साथ प्रतिलिपीहरु पेश गरेको हुनुपर्नेछ ।

छ) क्षेत्रगत कार्य विशेषज्ञता

मातृ, शिशु तथा बाल्यकालिन पोषण (IYCF/ MIYCN), एकिकृत कुपोषण व्यवस्थापन (IMAM/ CMAM), आकस्मिक पोषण, मातृ तथा बाल स्वास्थ्य, सामाजिक व्यवहार परिर्वतन संचार, सामाजिक बजारीकरण, पोषण संचार अभियान र सुनौलो १००० दिन अर्न्तगतका कार्यमा संलग्न भएको प्रमाण ।

ज) क्षेत्रगत कार्य अनुभव

विगत १० वर्ष देखि अनवरत रुपमा राष्ट्रिय, प्रादेशिक वा स्थानिय स्तरमा माथि उल्लेखित क्षेत्रगत कार्यहरुमा आफ्नो परामर्श सेवा प्रदान गरेको । साथै संयुक्त राष्ट्र संघीय निकाय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसंग सहकार्यको अनुभव भएको प्रमाण ।

झ) कार्य सम्पन्न गरेको अनुभव तथा प्रमाणहरु

माथि उल्लेखित क्षेत्रगत कार्यहरुमा पोषण सम्बन्धी परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेको दश वर्षको अनुभव तथा प्रमाणहरु र रकम खुल्ने सम्झौता पत्रको प्रतिलीपी आशयपत्रका साथ संलग्न हुनुपर्नेछ ।

ञ) मुख्य जनशक्तिको योग्यता र अनुभव

पोषण विशेष र संवेदनशील, जनस्वास्थ्यका कार्यक्रम, रणनिती तथा निर्देशिका तयार गर्ने र कार्यक्रम सम्बन्धि कार्यान्वियनको खाका, अनुगमन, मुल्याकंन र सर्वेक्षण तथा अनुसन्धान लगायतका कार्यहरुमा विशेषज्ञता हासिल गरेका जनशक्तिहरु भएको र मुख्य जनशक्तिको हकमा कम्तीमा जनस्वास्थ्य विषय वा सम्बन्धित विषयमा स्नात्तकोत्तर गरी स्वास्थ्य र पोषण (महिला र ५ वर्ष मुनिका बालबालिकालाई लक्षित), स्वास्थ्यको लागि संचार (विशेष गरि महिला तथा ५ बर्ष मुनिका बालबालिकालाई लक्षित स्वास्थ्य र पोषण कार्यक्रम), व्यवहार परिवर्तनका लागि संचार अभियान (स्वास्थ्य र पोषण) र सामाजिक बजारिकरणको क्षेत्रमा निम्न बमोजिमको अनुभवका साथै सो क्षेत्रमा कार्यक्रम/अनुसन्धानमा संलग्न भई हाल कार्यरत रहेको कम्तीमा ४ जना दक्ष जनशक्तीको निम्न बमोजिम विवरणको साथै व्यक्तिगत विवरण (बायोडाटा) समेत पेश गर्नु पर्नेछः

| सि.नं. | मुख्य जनशक्ती | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|
| १. | टिम लिडर | जनस्वास्थ्य वा सो सरहको स्वास्थ्य क्षेत्रमा स्नात्तकोत्तर | कम्तिमा ५ वर्ष |
| २. | कार्यक्रम संयोजक | जनस्वास्थ्य वा सो सरहको स्वास्थ्य क्षेत्रमा स्नात्तकोत्तर | कम्तिमा ५ वर्ष |
| ३. | तालिम संयोजक | जनस्वास्थ्य वा सो सरहको स्वास्थ्य क्षेत्रमा स्नात्तकोत्तर | कम्तिमा ५ वर्ष |
| ४ | अनुगमन तथा मुल्याङ्कन र सामाजिक व्यवहार परिवर्तन संयोजक | जनस्वास्थ्य वा सो सरहको स्वास्थ्य क्षेत्रमा स्नात्तकोत्तर | कम्तिमा ५ वर्ष |

४. आशयपत्रको मूल्याङ्कनको आधार र अंकभार

निम्न बमोजिमका कागजातहरु अनिवार्य रुपमा पेश गरेका आशयपत्रदाताहरु मात्र छनौटका लागि योग्य गरिने छ-

१. आशयपत्र पेश सम्बन्धी निवेदन (अनुसूची २ बमोजिम),
२. आशयपत्र पेश गर्ने संस्थाको दर्ताको प्रमाणपत्र र संस्थाको दर्ता नवीकरण
३. मु.अ. कर दर्ता प्रमाणपत्र र अद्यावधिक करचुक्ता प्रमाणपत्र
४. विगत ३ आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
५. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति,
६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
७. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
८. गैरसरकारी संघसंस्थाको बिस्तृत विवरण (प्रोफाईल)
९. विगत दस वर्षमा समान प्रकृतिको काम गरेको र स्थानको विवरण ।
१०. प्रस्तावित कार्यमा संलग्न हुने मुख्य जनशक्तिको वैयक्तिक विवरण
११. क्षेत्रगत कार्य विशेषज्ञता को प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपि
१२. क्षेत्रगत कार्य अनुभव को प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपि
१३. सफलतापूर्वक कार्य सम्पन्न गरेको अनुभवको प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपि

आशयपत्रको मूल्याङ्कनको आधार र अंकभार निम्न बमोजिम हुनेछ -

| **EOI Evaluation Criteria** | **Insert Minimum Requirement if Applicable** | **Score [Out of 100%** |
|---|---|---|
| **A. Qualification** | | 30% |
| Qualification of Key Expert<br>• **Team leader -** 5 point for master's degree in Public/Global Health or Nutrition<br>• **Program Coordinator -** 4 point for master's degree in Public/Global Health or Nutrition<br>• **Training Coordinator** - 3 point for master's degree in Public/Global Health, Nutrition or Nursing<br>• **M&E and SBC Coordinator** - 3 point for master's degree in Public/Global Health, Nutrition or Nursing | | 5<br>4<br>3<br>3 |
| Experience of Key Expert<br>• **Team leader** - For Minimum 5 years' experience<br>• **Program Coordinator** - For minimum 5 years' experience<br>• **Training Coordinator** - For minimum 5 years' experience<br>• **M&E and SBC Coordinator -** For minimum 5 years' experience | | 5<br>4<br>3<br>3 |
| **B. Experience** | | 50% |
| Specific experience of consulting firm within last 10 years.<br>• Experience of similar nature of work in following areas completed in the last | | 30 |

| | | |
|---|---|---|
| Ten (10) years (Contract copy of similar nature of work) (Max 30 with 5 points @ per areas)<br>o IYCF/ MIYCN<br>o IMAM/ CMAM<br>o MCH<br>o Social Behaviour Change Communication<br>o Social Marketing<br>o Nutrition Communication Campaign<br>• Experience in health and nutrition programme in Koshi Province (Max 10 with 5 points @ per program) | | 10 |
| Similar Geographical experience of consulting firm<br>(Experience of working in similar Geographical area where local government is located. For example: if the local government is in Terai area, working experience is required for Terai belt of Nepal) | | 10 |
| **C. Capacity** | | 20% |
| Financial Capacity<br>(In last 10 years, best 3 years should exceed 2 times the budget of the program) | | 20 |

५. आशयपत्रको छनौटः

दफा ४ बमोजिम अंकभार उल्लेख गर्दा न्यूनतम ७० अङ्क प्राप्त आशयपत्रदाताहरु उत्तीर्ण भएको मानिने छ ।

६. आशयपत्र छनौट संक्षिप्त सूची प्रकाशन

दफा ५ बमोजिम छनौट भएका आशयपत्र दाताहरुको संक्षिप्त सूची अनुसूची ३ बमोजिम यथाशिघ्र PPMO को वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

## परिच्छेद ३

## प्राविधिक र आर्थिक प्रस्ताव माग र छनौट

१. प्रस्ताव छनौट समिति

कार्यक्रमको लागि पेश गरिएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न परिच्छेद २ को दफा १ बमोजिमको पदाधिकारी रहेको समितिले गर्नेछ ।

२. विस्तृत प्राविधिक र आर्थिक प्रस्तावहरु माग गर्नेः

गाउँपालिकाले परिच्छेद २ को दफा ६ बमोजिम प्रकाशित संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुसँग २१ दिनको म्याद दिई विस्तृत प्राविधिक र आर्थिक प्रस्तावहरु सम्बन्धी कागजातहरु माग गर्नुपर्नेछ । प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा अनुसूची ३ र ४ बमोजिम हुनेछ ।

३. विस्तृत प्राविधिक र आर्थिक प्रस्तावहरु पेश गर्ने प्रक्रियाः

क) अनुसूची ३ र ४ बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रुपमा उल्लेख गरी दुबै प्रस्तावलाई अर्को छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ । अनलाइन प्रस्ताव पेश गर्ने आशयपत्रदाताको हकमा गाउँपालिकाले तोकेको ईमेलमा वा PPMO मा pdf फरम्याटमा आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

ख) प्रस्तावहरुको छनौट प्रस्तावको गुणस्तर तथा लागत विधिबाट छनौट गर्नुपर्नेछ ।

ग) पेश हुन आएका प्राविधिक र आर्थिक प्रस्तावहरु मध्ये प्रथमतः प्राविधिक प्रस्ताव मात्र खोलेर मुल्याङ्कन गर्नुपर्नेछ । मूल्याङ्कन गरी छनौट भएका प्राविधिक प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्नुपर्नेछ । प्राविधिक र आर्थिक प्रस्तावहरु एकै साथ खोलिने छैन ।

**४. प्राविधिक प्रस्ताव मूल्याङ्कनका आधार र अंकभार**

प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने आधारहरु र अंकभार देहाय बमोजिमका हुनेछन्:

| **EOI Evaluation Criteria** | **Insert Minimum Requirement if Applicable** | **Score [Out of 100%** |
|---|---|---|
| **A. Qualification** | | 30% |
| Qualification of Key Experts<br>• **Team leader -** 5 point for master's degree in Public/Global Health or Nutrition<br>• **Program Coordinator -** 4 point for master's degree in Public/Global Health or Nutrition<br>• **Training Coordinator** - 3 point for master's degree in Public/Global Health, Nutrition or Nursing<br>• **M&E and SBC Coordinator** - 3 point for master's degree in Public/Global Health, Nutrition or Nursing | | 5<br>4<br>3<br>3 |
| Experience of Key Experts<br>• **Team leader**<br>- 2 points for minimum 5 years' experience<br>- For additional years of experience for more than 5 - 10 years' experience<br>- For additional years of experience for more than 10 - 15 years' experience<br>- For additional years of experience for more than 15 or more years' experience<br>• **Program Coordinator**<br>- For minimum 5 years' experience<br>- For additional years of experience for more than 5 - 10 years' experience<br>- For additional years of experience for more than 10 - 15 years' experience<br>• **Training Coordinator**<br>- 2 point for minimum 5 years' experience<br>- For additional years of experience for more than 5 years' experience<br>• **M&E and SBC Coordinator**<br>- 2 point for minimum 5 years' experience<br>- For additional years of experience for more than 5 years' | | <br><br>2<br>1<br>1<br>1<br><br>2<br>1<br>1<br><br>2<br>1<br><br>2<br>1 |

| | | |
|---|---|---|
| experience | | |
| **B. Experience** | | |
| General of consulting firm | | 45% |
| Specific experience of consulting firm within last 10 years.<br>• Experience of similar nature of work in following areas completed in the last Ten (10) years (Contract copy of similar nature of work) (Max 30 with 5 points @ per areas)<br>o IYCF/ MIYCN<br>o IMAM/ CMAM<br>o MCH<br>o Social Behaviour Change Communication<br>o Social Marketing<br>o Nutrition Communication Campaign<br>• Experience in health and nutrition programme in Koshi Province (Max 10 with 5 points @ per program) | | 30<br><br><br><br><br><br><br><br>10 |
| Similar Geographical experience of consulting firm<br>(Experience of working in similar Geographical area where local government is located, For example: if the local government is in Terai area, working experience is required for Terai belt of Nepal) | | 5 |
| **C. Adequacy of the proposal work plan and methodology in responding to the ToR**<br>• Clear understanding over the context of program<br>• Realistic Approach/ methodology<br>• Risk assessment - recognition of the risks/peripheral problems and methods to prevent and manage risks / peripheral problems.<br>• Implementation Plan, Timelines proposed must be detailed and realistic. | | 20%<br><br>4<br>8<br>4<br><br>4 |
| D. **Sustainability/Suitability of the transfer of knowledge program or training (Separate Topic in the Proposal)** | | 5% |

**५. प्राविधिक प्रस्तावको छनौटः**

दफा ४ बमोजिम अंकभार उल्लेख गर्दा न्यूनतम ५० अङ्क प्राप्त प्राविधिक प्रस्ताव उत्तीर्ण भएको मानिने छ ।

**६. प्रस्तावहरुको मुल्याङ्कनको आधार र अंकभार :**

कुल अंकभार १०० मानी सो मध्ये प्राविधिक प्रस्तावको अंकभार अस्सी तथा आर्थिक प्रस्तावको अंकभार बीस हुनेछ । प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नुपर्नेछ ।

## परिच्छेद ४

## कार्यक्रम संचालन तथा व्यवस्थापन

**१. कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः-**

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख) गढी गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको प्रतिनिधि १ जना | - सदस्य |
| ङ) लेखा शाखा प्रमुख | - सदस्य |
| च) उद्यम विकास शाखा प्रमुख | - सदस्य |
| छ) प्राविधिक शाखा प्रमुख | - सदस्य |
| ज) स्वास्थ्य शाखा प्रमुख | - सदस्य |

**२. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-**

क) कार्यक्रम संचालनको विधि र रुपरेखामा आवश्यक परामर्श दिने र सहजिकरण गर्ने ।

ख) कार्यक्रम संचालनको क्रममा अनुगमन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम संचालनकर्ता संस्था बाट प्रगती विवरण लिई भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय कार्य गर्न समन्वय गर्ने ।

ङ) कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्देशन दिने ।

**३. कार्यक्रमको कार्यान्वयन ढाँचा :**

यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिमको हुनेछ :

क) लाभग्राही समूहहरुले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन् ।

ख) कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा श्रोत व्यवस्थापन गर्न सकिनेछ ।

ग) कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवा सुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

घ) कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरण संचालन  गरिने छ ।

ङ) संस्थाले परिचालन गर्ने बैंक खातामा गाउँपालिकाले रकम उपलब्ध गराई कार्यक्रम संचालन गरिनेछ ।

च) कार्यक्रम संचालन गर्न गाउँपालिकाले कार्यक्रम/आयोजनाको रनिङ्ग विलको आधारमा भुक्तानी गर्ने छ ।

छ) संस्थाले गाउँपालिकालाई उपलब्ध गराएको त्रैमासिक प्रगति प्रतिवेदन कार्यक्रम/आयोजनाको रनिङ्ग विलको आधार एक हुनुपर्नेछ । चालू आर्थिक वर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

ज) कुनै बिशेष प्रतिकुल परिस्थितीमा कुल स्विकृत रकम चालु आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समायोजन गरेर संस्थाले कार्यक्रम संचालनमा खर्च गर्न सक्नेछ ।

**४. कार्यक्रमको लागि श्रोतः**

नेपाल सरकारको राष्ट्रिय योजना आयोगको विशेष अनुदान अर्न्तगत गाउँपालिकालाई प्राप्त **"गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना" को** लागि हस्तान्तरित रकम हुनेछ ।

**५. कार्यक्रम अनुदानः**

गाउँपालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम संचालित क्षेत्रका लाभग्राहीहरुको लागि निम्न बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

क) अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकम उपलब्ध गराउन सकिनेछ ।

ख) अनुदानको प्रकार र सीमा अनुगमन तथा मूल्यांकन समिति र कार्यक्रम संचालन गर्ने संस्थाले निर्धारण गर्नेछन् ।

ग) अुनदानका लागि लाभग्राही छनौट गर्दा कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि अनुगमन तथा मूल्यांकन समितिले गाउँपालिकासँग भएको तथ्यांकको आधारमा वास्तविक आवश्यकता पहिचान गरी लाभग्राही छनौट गर्नेछ ।

घ) अनुदान सामाग्री वितरण प्रक्रियाः

१. अनुदान प्रक्रियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समुह गठन गरी अनुदान वितरण गर्न सकिनेछ ।

२. भौतिक सामाग्री वितरण प्रक्रिया स्वास्थ्य शाखाका कर्मचारी वा वडा कार्यलयका प्रतिनिधिको रोहबरमा गरिनेछ ।

३. नगद अनुदान दिइने हकमा लाभग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि सम्बन्धित संस्थाले अनुदान तर्फको रकम भुक्तानी गर्न सक्नेछ ।

४. भौतिक तथा नगद अनुदान दुबैको हकमा संस्थाले सम्पूर्ण प्रक्रियाको अभिलेख राख्नुपर्नेछ ।

५. वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएमा वा सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू-परिवेशको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त

नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरि वडा कार्यलयको रोहबरमा स्थानिय तहमा संस्था मार्फत  सोझै खरिद तथा वितरण गर्न सकिने छ ।

## परिच्छेद ५

## सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

१. **सम्झौता:** परिच्छेद ३ को दफा १ बमोजिमको प्रस्ताव छनौट समितिले सिफारिस गरे अनुसार **अनुसूची ५** को ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले अधिकतम १५ दिनभित्र गैर सरकारी संस्थासँग सम्झौता गर्नुपर्नेछ ।

२. **कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन :–**

कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची ६** बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ र संस्थाले कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

३. **अनुगमन तथा समिक्षा:** कार्यक्रम अनुगमन तथा समन्वय समितिले त्रैमासिक रुपमा कार्यक्रमको अनुगमन तथा समिक्षा गर्नुपर्नेछ ।

## परिच्छेद ६

## विविध

### १. बिड बोन्ड (Bid Bond) तथा पर्फर्मेन्स बोन्ड ( Performance Bond):

आशयपत्र आव्हानको सुचना बमोजिम गाउँपालिकामा तोकिएको अवधि भित्र पेश हुन आएका आशयपत्रहरुको मुल्याङ्कन पश्चात छनौट भएका आशयपत्र दाताहरुबाट बिस्तृत प्रस्ताव मागको सुचना प्रकाशित गर्नु पर्नेछ । प्राप्त हुने बिस्तृत प्रस्तावका साथमा गाउँपालिकाद्वारा प्रकाशित सूचनामा तोकिए बमोजिमको बिड-बोन्ड (Bid Bond) वापतको रकम जम्मा गरेको कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत आशयपत्रपत्रदाताले (संस्था) कार्य सम्पादन जमानत (Performance Bond) वापत गाउँपालिकाले तोके अनुसारको रकम बराबरको १४ महिना म्याद भएको कागजात पेश गर्नु पर्नेछ । प्राविधिक प्रस्तावको साथमा बिड-बोन्ड (Bid Bond) पेश नभएको प्रस्ताव मूल्याङ्कन योग्य मानिने  छैन ।

२. **लेखापरीक्षण:**

क. कार्यक्रमको अन्तिम लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात प्रचलित कानून बमोजिम गाउँपालिकाले गर्नुपर्नेछ ।

ख. कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

ग. संस्थाले कार्यक्रमको खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापनपछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ ।

३. **समन्वयः** कार्यक्रम व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला , नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नुपर्नेछ ।

४. **कसुर र सजायः**

क) कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छोड्न पाइने छैन । यदि बीचैमा छोडेमा छोड्ने पक्षले उक्त समय सम्मको कार्य जिम्मेवारी र आर्थिक दायित्व वहन गर्नुपर्नेछ ।

ख) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा वा समयमा काम पुरा नगरेमा बाँकी किस्ता रोक्का गरिने छ । यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

५. **उत्तरदायित्वः** कार्यक्रम सञ्चालनको उत्तरदायित्व गाउँपालिका र सो अर्न्तगतका निकायहरु एवं सम्बन्धित संस्थाले समान रुपमा वहन गर्नु पर्नेछ ।

६. **संशोधन तथा हेरफेरः** यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

७. **बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेः** गाउँपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या गरि बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. **प्रचलित कानून लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ । यस सन्दर्भमा दुविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाउँपालिकाको व्याख्या अन्तिम हुनेछ ।

९. **संस्थाहरुले पेश गरेका कार्यक्रम सचालन सम्बन्धि प्रस्तावहरुलाई पूर्ण वा आंशिक रुपमा स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।**

१०. **खारेजी र बचाउः**

क. महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम संचालन कार्यविधि, २०८३ प्रमाणिकरण भएको मिति देखि लागू हुनेछ ।

ख. संघीय, प्रादेशिक तथा गढी गाउँपालिकाको मूल कानूनसँग बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ ।

अनुसूची १
गढी गाउँपालिका
गाउँपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

"गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना" गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदनको ढाँचा

मितिः ....................

**श्री प्रमुख प्रशासकिय अधिकृतज्यू ,**
**गढी गाउँपालिका**
**गाउँपालिकाको कार्यालय**
**सुनसरी, कोशी प्रदेश, नेपाल**

विषयः आशय पत्र पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा गढी गाउँपालिकाको आ.व २०८३/८४ को स्वीकृत कार्यक्रम अनुसार महिला तथा बालबालिकाको पोषण तथा आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यका लागि " **गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना"** कार्यान्वयन गर्न यस ......................... (संस्थाको नाम) ले आशय पत्र पेश गरेको जानकारी अनुरोध छ ।

**निवेदक**

**आशयपत्रका साथ संलग्न गरिएको कागजातहरु:**

१.
२.
३.
४.

फारम १: संस्थाको विवरण

| क.स | विवरणहरु | विस्तृत जानकारी | |
|---|---|---|---|
| १. | संस्थाको नाम | | |
| २. | संस्थाको प्रकार | | |
| ३. | संयुक्त उपक्रममा प्रस्ताव गरिएको स्थानिय साझेदार संस्थाको नामः | | |
| ४. | संस्थाको लक्ष्य र उद्देश्य<br>(विधान अनुसार) | | |
| ५. | संस्थाको विधान अनुसार कार्यगत क्षेत्रहरु | | |
| ६. | संस्थाको विधान अनुसार भौगोलिक क्षेत्र | | |
| ७. | सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति | ठेगाना :<br>सम्पर्क व्यक्तिको नाम :<br>सम्पर्क व्यक्तिको पद :<br>सम्पर्क नम्बर (मोबाइल) :<br>टेलिफोनः<br>इमेल ठेगानाः : | |
| ८. | दर्ता विवरण | दर्ता नं. | |
| | | दर्ता मिति | |
| | | दर्ता गर्ने निकायकोनाम | |
| | | पछिल्लो नविकरणको बहाल मिति | |
| ९. | समाज कल्याण परिषद/ कम्पनी रजिष्टारको कार्यालयको आबद्ध नम्बर, आवद्ध मिति र नविकरण मिति | आवद्धता नम्बर | |
| | | आवद्धता मिति | |
| | | नविकरण अवधि | |
| १०. | VAT दर्ता नम्बर र मिति | VAT दर्ता नम्बर :<br>VAT दर्ता मिति : | |
| ११. | कर चुक्ता प्रमाणपत्र | छ/छैन<br>कर चुक्ता गरेको पछिल्लो आर्थिक वर्षः | |
| १२. | पछिल्लो साधारण सभा मिति | | |
| १३. | पूर्णकालिन जम्मा कर्मचारी संख्याः | | |
| १४. | क्षेत्रगत कार्य विशेषज्ञता | | |

| | | |
|---|---|---|
| १५. | क्षेत्रगत कार्य अनुभव | |
| १६. | कार्य सम्पन्न गरेको अनुभव तथा प्रमाणहरु | |
| १७. | जनशक्तिको विशेषज्ञता | |
| १८. | कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर- | |
| १९. | ज्ञान तथा प्रविधि हस्तान्तरण | |
| २०. | लेखा प्रणाली र लेखा सफ्टवेर को विवरण | लेखा प्रणालीको नाम :<br>लेखा सफ्टवेरको नाम : |

**फाराम २: संस्था संग हाल रहेको कार्ययोग्य भौतिक सम्पत्ति तथा उपकरणहरुको विवरण**

| क्र.स. | | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | | वटा | | |
| २ | | वटा | | |
| ३ | | वटा | | |
| ४ | | वटा | | |
| ५ | | वटा | | |
| ६ | | वटा | | |
| ७ | | वटा | | |
| ८ | | वटा | | |
| ९ | | सेट | | |
| १० | | वटा | | |

**फाराम २.३: संस्थाको कार्यकारी समितिको संरचनाको विवरण**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | | अध्यक्ष |
| २ | | उपाध्यक्ष |
| ३ | | सचिव |
| ४ | | कोषाध्यक्ष |
| ५ | | सह-सचिव |
| ६ | | सदस्य |
| ७ | | सदस्य |

फाराम २.४ वर्तमान कर्मचारीको विवरण ( कृपया विगतको विवरण नराख्नुहोला)

| क.सं | कर्मचारीको नाम | लैगिंकता | पद | शैक्षिक योग्यता | अनुभव वर्षमा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |

फाराम २.५: विगत दश बर्षको बार्षिक वित्तिय कारोबार

| क.स. | आर्थिक बर्ष | वित्तिय कारोबार रु. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

फाराम २.६: विगत दस वर्षमा संस्थाले कार्यक्रम र परियोजना सम्पन्न गरेको अभिलेख (कृपया वर्तमान अनुभवबाट सुरु गर्नुहोस्)

| क्र.स. | परियोजनाको नाम | दातृ निकाय | कार्यक्षेत्र | परियोजना जिल्ला र पालिका | सम्झौता अवधि (सुरु मिति, अन्तिम मिति र जम्मा अवधि) | |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |

आशय पत्र पेश सम्बन्धी चेकलिष्ट

| क्र.सं. | विवरण | संलग्न छ/छैन |
|---|---|---|
| १. | आशयपत्र पेश सम्बन्धी निवेदन, | |
| २. | आशय पत्र फारम | |
| ३. | संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन | |
| ४. | स्थायी लेखा नम्बर (भ्याट नम्बर), | |
| ५. | संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति, | |
| ६. | आशय पत्र पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति, | |
| ७. | संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति, | |
| ८. | संस्थाको विवरण (प्रोफाईल) | |
| ९. | विगत दश वर्षमा समान प्रकृतिको काम गरेको र स्थानको विवरण । | |
| १०. | प्रस्तावित कार्यक्रममा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण | |

अनुसूची २
गढी गाउँपालिका
गाउँपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

**" गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना" संञ्चालन गर्नका लागि आशयपत्रदाताहरुको छनौट सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः

गढी गाउँपालिकाले मिति....................................मा PPMO मा प्रकाशित " **गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना"** सञ्चालन गर्नका लागि तपशिल बमोजिमका आशय पत्रदाताहरुको छनौट गरिएको छ । छनौट भएका आशयदाताहरुलाई तोकिए अनुसार विस्तृत प्राविधिक र वित्तिय प्रस्ताव पेश गर्नको लागी अनुरोध गरिन्छ ।

**छनौट भएका आशयदाताहरुको सूची**

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन कार्यालय समय भित्र विस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न अनुरोध छ । प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा यस गाउँपालिकाको वेवसाइट वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

**अनुसूची ३**

**गढी गाउँपालिका**

**गाउँपालिकाको कार्यालय**

**सुनसरी, कोशी प्रदेश, नेपाल**

**" गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना" संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा**

१. कार्यक्रमको नामः **" गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना"**

२. पृष्ठभूमि

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. कार्यक्रमको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. कार्यक्रमको विस्तृत कार्यपद्धती (Methodology), ढाँचा (Framework) र कार्ययोजना (Workplan)

७. कार्यक्रमका क्रियाकलापहरु

८. कार्यक्रमको व्यवस्थापन

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. ज्ञान व्यवस्थापन र दीगोपना

**अनुसूची ४**

**गढी गाउँपालिका**

**गाउँपालिकाको कार्यालय**

**सुनसरी, कोशी प्रदेश, नेपाल**

**" गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना "संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा**

- कार्यक्रम सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (कार्यक्रम क्रियाकलाप कार्यान्वयन खर्च)
- मु.अ.कर तथा अन्य

**अनुसूची ५**
**गढी गाउँपालिका**
**गाउँपालिकाको कार्यालय**
**सुनसरी, कोशी प्रदेश, नेपाल**

**कार्यक्रम सम्झौता**

नेपाल सरकार, कोशी प्रदेश अन्तर्गतको गढी गाउँपालिका, सुनसरी (यस पछि प्रथम पक्ष भनिने) र श्री .................................................(यस पछि दोस्रो पक्ष भनिने) बीच गढी गाउँपालिकामा " **गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना**" संचालन गर्नका लागि कार्यक्रम अनुगमन तथा समन्वय समितिको मिति २०८३/ / को निर्णयानुसार तपसिल बमोजिमका शर्तनामामा दुबै पक्षको मञ्जुरीका साथ यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं, दियौं ।

तपसिल

१. निम्न लिखित कागजातहरु यस सम्झौताको व्याख्या गर्नका लागि यस सम्झौताको अभिन्न अंगका रुपमा मानिनेछ ।

क) प्रथम पक्षद्वारा अनुमोदित दोस्रो पक्षबिच पेश गरेको दररेट

ख) TOR

२. स्वीकृत भएको दररेट र TOR बमोजिम महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम अन्तर्गत संचालन गर्नुपर्ने क्रियाकलापहरु दोस्रो पक्षले गर्नेछ ।

३. यो सम्झौता अनुसार " **गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना** " गर्नका लागि मु.अ.क. समेत रु ...................................... (अक्षेरुपी रुपैया.................................) मा दोस्रो पक्षले मञ्जुर गरेको छ । उक्त कार्यको भुक्तानी ......... गाउँपालिकाद्वारा राष्ट्रिय योजना आयोगबाट विशेष अनुदान स्वरुप प्राप्त रकमबाट हुनेछ । यस कार्यको लागि स्वीकृत रकमभन्दा बढी खर्च भएमा गाउँपालिकाले बढी भएको रकम भुक्तानी दिन बाध्य हुने छैन ।

४. प्रथम पक्षले हरेक वर्ष त्रैमासिक प्रगति प्रतिवेदन कार्यक्रम/आयोजनाको रनिङ्ग विलको आधारमा उपलब्ध गराउनेछ । कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा प्रथम पक्षले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ ।

५. " **गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना**" को त्रैमासिक प्रगति प्रतिवेदनका साथै किस्ता रकम अनुसारको मु.अ.क. बिजक दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउनेछ । सो प्रगति प्रतिवेदन र बिजक प्रथम पक्षलाई बुझाइसकेपछि नेपाल सरकारको प्रचलित कानून बमोजिम अग्रिम आयकर कट्टा गरि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाइनेछ अन्यथा सम्झौताको शर्त नं. ७ अनुसार दोस्रो पक्षलाई कारबाही गरिनेछ ।

६. महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम वि.स. २०८३ ........बाट शुरु गरि वि.स २०८६ असार मसान्त भित्र सक्नु पर्नेछ । यो अवधि भित्र सो कार्य गर्न नसकेमा प्रथम पक्षलाई मनासिव लागेमा र विशेष परिस्थितिमा मात्र नियमानुसार म्याद थप हुन सक्नेछ । अन्यथा तोकिएको समयमा नै यो कार्य गर्नुपर्नेछ ।

७. स्वीकृत बजेट अनुसार " **गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना**" अन्तर्गतको कार्य तोकिएको TOR अनुसार काम नगरेमा, समयमा काम पूरा नगरेमा वा गुणस्तरहिन काम गरेमा प्रथम पक्षले एकतर्फि निर्णय गरी दोस्रो पक्ष र प्रथम पक्ष बिच भएको सम्झौता भंग गर्दै बाँकि किस्ता रोक्का गर्न सक्नेछ । यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ । सम्झौता भंग गरिएमा प्रथमपक्षले दोस्रो पक्षसँग निर्णयानुसार क्षतिपूर्ति लिन, दोस्रो पक्षलाई हर्जाना तिराउन वा जरिवाना गर्न, कालो सूचीमा राख्न, यी मध्ये केही वा सबै कारबाही गर्न र नियमानुसार अन्य कारबाही समेत गर्न सक्नेछ ।

८. दोस्रो पक्षले कार्यक्रमको खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापनपछि नेपालको प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनेछ ।

९. कार्यक्रम समापन पश्चात दोस्रो पक्षले प्रथम पक्षलाई कार्यक्रमको व्यवस्थापन, उपलब्धीहरु र सम्पूर्ण सम्बन्धित कुराहरु हस्तान्तरण गर्नेछ ।

१०.यो सम्झौता कार्यान्वयनमा कुनै विवाद आई परेमा दुबै पक्षको आपसी सहमतीमा समाधान गरिनेछ । अन्यथा सार्वजनिक खरीद ऐन २०६३ (संशोधन सहित) र नियमावली, २०६४ (संशोधन सहित) अनुसार विवाद समाधान गरीनेछ ।

११.यस सम्झौता पत्रमा उल्लेख भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र प्रचलित ऐन कानूनसँग नबाझिएको हदसम्म यसै अनुसार हुनेछ र अन्य कुराहरु प्रचलित ऐन नियमहरु र शर्तनामा अनुसार हुनेछ ।

| **दोस्रो पक्ष**<br>......................................**को तर्फबाट सही छाप गर्ने** | **प्रथम पक्ष**<br>**गढी गाउँपालिकाको तर्फबाट सही छाप गर्नेको** |
|---|---|
| दस्तखत :<br>नाम :<br>दर्जा :<br>फोन नं. :<br>संस्थाको छाप : | दस्तखत :<br>नाम :<br>दर्जा :<br>फोन नं. :<br>कार्यालयको छाप : |

साक्षीहरु

१.

२.

३.

अनुसूची ६

गढी गाउँपालिका

गाउँपालिकाको कार्यालय

सुनसरी, कोशी प्रदेश, नेपाल

" गढी बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना" का क्रियाकलापहरुको प्रगति प्रतिवेदनको ढाँचा

- पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलापहरु
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या (सबल पक्ष, कमजोर पक्ष, अवसर, कार्यक्रम सुचारु संचालनका लागि त्रास) र अवलम्बन गरेका समाधानका उपायहरु तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

## कार्यक्रम कार्य विवरण

## बाल मृत्युदर न्यूनिकरणको लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना

गढी गाउँपालिका, सुनसरी

### १. पृष्ठभूमि

पोषण मानव स्वास्थ्य, उत्पादकत्व तथा दिगो मानव पूँजी विकासको आधारभूत निर्धारक हो। पर्याप्त, विविधतायुक्त तथा सन्तुलित आहारले रोग प्रतिरोधात्मक क्षमता, शारीरिक तथा संज्ञानात्मक विकास, कार्यक्षमता र समग्र स्वास्थ्यमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। विशेषगरी गर्भावस्था, स्तनपान तथा बालबालिकाको जीवनको पहिलो दुई वर्षलाई समेट्ने सुनौला १,००० दिन पोषण तथा स्वास्थ्यका दृष्टिले अत्यन्त संवेदनशील अवधि भएकाले यस अवधिमा पोषणसम्बन्धी हस्तक्षेपको प्रभाव जीवनभर रहने गर्दछ ।

नेपालले मातृ तथा बाल पोषण सुधारका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरे तापनि कुपोषण अझै पनि महत्वपूर्ण सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा विद्यमान छ। मातृ कुपोषण, सूक्ष्म पोषकतत्त्वको कमी, बालबालिकामा वृद्धि अवरोध तथा अन्य पोषणसम्बन्धी समस्याहरूले मातृ तथा शिशु स्वास्थ्य, सिकाइ क्षमता, विद्यालयीय उपलब्धि, श्रम उत्पादकत्व तथा दीर्घकालीन सामाजिक-आर्थिक विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारिरहेका छन्। साथै, प्रदेश तथा स्थानीय तहअनुसार पोषण अवस्था र स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तरमा रहेको असमानता, बसाइँसराइ तथा वैदेशिक रोजगारीका कारण परिवारको संरचना र हेरचाह प्रणालीमा आएको परिवर्तन, स्तनपान तथा पूरक आहारसम्बन्धी चुनौती, अस्वास्थ्यकर तथा पोषणको दृष्टिले न्यून गुणस्तरका खाद्य पदार्थको बढ्दो प्रयोग तथा महिलाको आर्थिक तथा निर्णय प्रक्रियामा सीमित पहुँचजस्ता सामाजिक, आर्थिक तथा व्यवहारगत पक्षहरूले पोषण सुधारका प्रयासलाई थप जटिल बनाएका छन् ।

यस सन्दर्भमा, पोषणलाई स्वास्थ्य क्षेत्रको मात्र विषयका रूपमा नभई बहुक्षेत्रीय तथा जीवनचक्रमा आधारित विकासको प्राथमिकता का रूपमा सम्बोधन गर्न आवश्यक छ । विशेषगरी गर्भवती महिला, स्तनपान गराइरहेका आमा तथा दुई वर्षमुनिका बालबालिकालाई लक्षित गर्दै स्वास्थ्य, पोषण, खाद्य सुरक्षा, पानी, सरसफाइ तथा स्वच्छता, सामाजिक तथा व्यवहार परिवर्तन र महिला सशक्तीकरणका क्षेत्रबीच प्रभावकारी समन्वय र एकीकृत कार्यान्वयन आवश्यक देखिन्छ ।

नेपाल सरकारको "बहुक्षेत्रीय पोषण योजना-तेस्रो" को रणनीतिक प्राथमिकता तथा विद्यमान स्वास्थ्य तथा पोषणसम्बन्धी नीति र कार्यक्रमसँग सामञ्जस्य कायम गर्दै, स्थानीय सरकारको नेतृत्व र समुदायको अर्थपूर्ण सहभागितामा लक्षित पोषण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । प्रस्तावित कार्यक्रमले सुनौला १,००० दिनको अवधिमा गर्भवती महिला, स्तनपान गराइरहेका आमा तथा दुई वर्षमुनिका बालबालिकाको पर्याप्त तथा गुणस्तरीय पोषण सुनिश्चित गर्न, आवश्यक स्वास्थ्य तथा पोषण सेवाको उपयोग र पहुँच अभिवृद्धि गर्न, स्तनपान तथा उपयुक्त पूरक आहारलगायत सकारात्मक पोषण व्यवहार प्रवर्द्धन गर्न तथा परिवार र समुदायको पोषणसम्बन्धी ज्ञान, सीप र व्यवहार सुदृढ गर्न योगदान पुऱ्याउनेछ ।

यसका साथै, कार्यक्रमले स्थानीय स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि, समुदायस्तरीय परिचालन, सेवा प्रदायकको दक्षता विकास, प्रभावकारी अनुगमन तथा तथ्यमा आधारित निर्णय प्रक्रियालाई सुदृढीकरण गर्दै स्थानीय तहमा पोषण कार्यक्रमको स्वामित्व र दिगोपन अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ । महिलाको सामाजिक तथा आर्थिक सशक्तीकरणलाई पोषण सुधारसँग जोड्दै परिवारस्तरमा खाद्य तथा पोषणसम्बन्धी निर्णय क्षमता अभिवृद्धि गर्नु पनि कार्यक्रमको महत्वपूर्ण पक्ष हुनेछ । यस प्रकारको एकीकृत तथा स्थानीय सरकार-नेतृत्वको दृष्टिकोणले मातृ तथा बाल पोषणमा दिगो सुधार ल्याउनुका साथै स्वस्थ, सक्षम र उत्पादक जनशक्ति निर्माणमार्फत नेपालको दीर्घकालीन मानव पूँजी विकासमा योगदान पुऱ्याउनेछ ।

## १.१. गढी गाउँपालिकाको परिचय

गढी गाउँगाउँपालिका प्रदेश १, सुनसरी जिल्लामा अवस्थित छ । समुन्द्री सतहदेखि १५२ मिटरबाट ९१४ मिटरसम्मको उचाइ रहेको गढी गाउँपालिका भौगोलिक हिसाबले २६ डिग्री २९ मिनेट ५४ सेकेन्ड देखि २६ डिग्री ३६ मिनेट ४९ सेकेन्ड उतरी आक्षांस र ८७ डिग्री ८ मिनेट ५६ सेकेन्ड देखि ८७ डिग्री १५ मिनेट ४५ सेकेन्ड पुर्वी देशान्तरमा फैलिएको छ । यस गाउँगाउँपालिका सुनसरी जिल्लाको सदरमुकाम इनरुवा देखि करिब १५ कि.मि.को दुरिमा छ । गाउँगाउँपालिकाको पुर्वमा दुहबी नगरपालिका, पश्चिममा इनरुवा नगरपालिका दक्षिणमा बर्जु गाउवालिका र उतरमा ईटहरी उपमहानगरपालिकासँग सिमाना जोडिएको छ ।

सन २०१८ को जनगनना अनुसार गढी गाउँपालिकामा कुल घरधुरी ७६५७ तथा पुरुष १८००९ र महिला १७७१९ गरेर कुल जनसांख्या ३५७२८ रहेको छ । यस गाउँपालिकाको क्षेत्रफल ६७.७ बर्ग कि. मी. रहेको छ । गाउँपालिकाको जनघनत्व ५२७.८७ जना प्रति वर्ग किलोमिटर रहेको छ । गाउँपालिकाको औसत घरधुरी संख्या ४.६७ रहेको छ । गाउँपालिकामा महिला र पुरुषको जनसंख्या प्रतिशत क्रमश ४९.५९%, र ५०.४१% रहेको छ । गाउँपालिकामा युवाहरुको जनसखख्या ३२.८७% छ । यस गाउँपालिकमा हिन्दू ९१.४८%, मुलसलिम ८.२५%, क्रीस्चियन ०.१३ %, अपरिभासित ०.१५% रहेका छन ।

उमेरका आधारमा जनसंख्याको स्थिति हेर्दा उमेर समुह अनुसार ५बर्ष मुनि ११.१ % र ७० बर्ष माथि कूल २.६% रहेको देखिन्छ । जातजातिगत आधारमा जनसंख्यालाई हेर्दा सबैभन्दा धेरै तराई आदिबासी जनजाती ४५.१९ % , तराई दलित १७.०४ % मुस्लिम ८.३७ % रहेको छ ।

यस गाउँपालिका क्षेत्र भौगोलित पूर्वाधारको अवस्थाको समग्रमा सनतोषजनक देखिन्छ । गाउँपालिका क्षेत्र भित्र पक्की सडक ३२ कि. मि. रहेको छ । यस गाउँपालिका क्षेत्रमा रहेका सरकारी तर्फ का शैक्षिक सांस्थाहरु २५ वटा र १२ नीज शैक्षिक सांस्थाहरु रहेका छन । स्वास्थ सांस्थाहरुको हकमा गाउँपालिकामा ६ स्वास्थ केन्द्रहरु रहेका छन् । गाउँपालिका सुनसरी जिल्लाको दुहवी र इनरुवा को बिचमा रहेको छ ।

गाँउपालिकाको अधिकांश हिस्सा जमिन खेतियोग्य रहेको छ । कुल क्षेत्रफलको ९८.३६% क्षेत्र खेति भूमि रहेको छ । वनक्षेत्रले ओगटेको भूमि जम्मा ०.००५% मात्र रहेको छ । सिंचाइको मुख्य श्रोत चतरा नहर रहेको छ ।

### १.२. आयोजनाको परिचय र औचित्य

कुपोषणले संसारभरिका लाखौं जनजीवनमा नकारात्मक असरको देखिन्छ, विशेष गरि निम्न र मध्यम आय आर्जन हुने देशहरुमा । यसका कारण मृत्युदर र बिरामी हुने दरमा असर हुनुका साथै तत्कालिन र दीर्घकालिन बौद्धिक विकास, उत्पादकत्व, प्रजनन स्वास्थ्य अवस्था र शारीरिक तथा मानसिक विकासमा गम्भीर असर गरेको हुन्छ । सन् १९९० भन्दा पहिले विश्वमा नेपालको पोषणको अवस्था सबैभन्दा देशहरुमा परेको भएतापनि सन् २००१ देखि २०११ सम्म नेपालले पुड्कोपनमा आश्चर्यजनक सुधार ल्यान सफल भएको थियो । पुड्कोपनाले शाररिक तथा मानसिक विकासमा गर्ने असर जीवनभर रहने र यसलाई पछि सुधार गर्न नसकिने हुनाले सम्पूर्ण जीवन चत्र तथा भावी पुस्तालई समेत यसले प्रभाव पार्दछ ।

सन् २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति मार्फत महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्ने केन्द्रित कार्यक्रमहरु लागु गरेको थियो । यसैक्रमलाई निरन्तरता दिँदै सन् २००६ मा पहिलो त्रैमासिकमा गरिने जाँचमा जुकाको औषधि प्रदान गर्ने कार्यका साथै संस्थागत सुत्केरी बढाउनका लागि सुत्केरी आमा र स्वास्थ्य कर्मीहरुका लागि प्रोत्साहन भत्ताको पनि व्यवस्था गरिएको थियो । यसका साथै पोषण विशेष कार्यक्रम अन्तर्गत नेपालमा घरायसी खाद्य कार्यक्रम, अत्यावश्यक पोषण तथा सरसफाई कार्यका लागि व्यवहार परिवर्तनका संचार कार्यक्रम, नवजात शिशु तथा बाल्यकालिन खुवाई कार्यक्रम, समुदायमा आधारित अतिशिर्घ कुपोषण व्यवस्थापन कार्यक्रम, समुदायमा आधारित बाल्यकालिन रोगहरुको एकिकृत व्यवस्थापन कार्यक्रम र पोषण सम्बन्धि नीति निमाएता र अन्य सराकारवालाहरुसँग पैरवी कार्यक्रमहरु संचालन गरिएको छ ।

दिगो विकास लक्ष्य २ का मुख्य परिमाणात्मक लक्ष्यहरुमा सन २०३० सम्ममा भोकमरी अन्त गर्ने , सबै जनताको सुरक्षित, पोषणयुक्त र प्रयाप्त खानामा बर्षभरी पहुच सुनिश्ता गर्ने र सबै प्रकारका एवं स्वरुपका कुपोषणको अन्त गर्ने रहेको छ । यस गाउँ पालिका भित्र सयौं संख्यामा महिला तथा बालबालिकाहरु कुपोषित भेटिएका छन् खास गरि बिपन्न, दलित र भूमिहिन बर्गमा कुपोषणको अवस्था एकदमै धैरै छ ।

## २. आयोजनाको लक्ष्य र उद्देश्यहरु

### २.१. आयोजनाको लक्ष्य

लक्षित समुहमा बाल मृत्यु दर कम गर्नकालागी पोषण विशेष र पोषण सम्वेदनशील कार्यक्रम सञ्चालन गरी गर्भवती आमा, किशोरी तथा बालबालिकाको स्वस्थ खानपानको व्यवहार परिवर्तन गरी पोषण अवस्थामा सुधार ल्याउने

### २.२. आयोजनाको उद्देश्यहरु

- महिला तथा बालबालिकाहरुको पोषण अवस्थामा सुधार गर्ने ।
- पोषणको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- स्वस्थ पोषण व्यवहारको विकास गरी व्यक्तिको स्वस्थ जीवनको प्रवर्द्धन गर्ने ।
- अन्तरव्यक्ति संचारको माध्यमबाट दीगो स्वस्थ व्यवहार परिवर्तन गर्ने ।

### ३. आयोजना कार्यान्वयन कार्यविधि

#### ३.१. आयोजना कार्यान्वयन ढाँचा

यो आयोजना गाउँपालिका र सम्बन्धित संस्थाबीचका सम्झौता पश्चात कार्यक्रमको कार्यान्वयन प्रक्रिया सुरु गरिनेछ । बहुक्षेत्रीय पोषण योजना-३ मा आधारित यस कार्यक्रमलाई गाउँपालिकाको नेतृत्व र प्रत्यक्ष अनुगमनमा, सहयोगी संस्थाबाट प्राप्त आवश्यक प्राविधिक सहयोगका साथ गाउँपालिकाका सबै तहमा लागू गरिनेछ । गैर सरकारी संस्थाले कार्यक्रमको संरचनात्मक ढाँचा विस्तृत रुपमा पेश गर्नुपर्नेछ ।

कार्यक्रम सञ्चालन रणनीति अन्तर्गत प्रत्येक वडामा स्वास्थ्य संस्था, महिला समूह, विद्यालय व्यवस्थापन समिति, नागरिक समाज तथा अन्य सम्बन्धित संरचनासँग समन्वय गर्दै घरधुरीसम्म व्यवहार परिवर्तन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चार, सामाजिक बजारिकरण र अन्तरव्यक्तिगत संवादमा आधारित गतिविधिहरू कार्यान्वयन गर्नेछन् । यी गतिविधिहरू विशेषतः महिला तथा बालबालिकाको स्वास्थ्य र पोषण अवस्था सुधारतर्फ लक्षित रहनेछन् ।

#### ३.२. आयोजना कार्यक्रमको कार्यक्षेत्र र लक्षित समूह

गढी गाउँपालिका सबै वडाका सबै टोलमा यो कार्यक्रम लागु गरिने छ र महिला तथा बालबालिकाहरुलाई लक्षित गरेर सबैको सहभागिता रहने छ ।

#### ३.३. कार्यक्रम अवधि

यस कार्यक्रमको अवधि १ वर्ष रहने छ । (आ.व. २०८३/८४)

### ४. आयोजनाका क्रियाकलापहरुः

- प्रारम्भिक छलफल, योजना तर्जुमा र समिक्षा
- अभिमुखिकरण र क्षमता अभिवृद्धि
- कुपोषण जाँच तथा पुनर्स्थापना
- आधारभूत स्वास्थ्य सेवा तथा पोषण प्रवर्द्धन
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम
- सामाजिक परिचालन

### ५. आयोजना मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपना

माथी उल्लेखित ६ वटा मुख्य क्रियाकलापहरुबाट लाभ प्राप्त गर्ने वा मापन अनुमानित विवरणहरु एवं आयोजनाको अवधिमा लक्षित समूहलाई आवश्यक सेवा उपलब्ध गराई आयोजनाको दिगोपनाको लागि कार्यक्रम संचानल गर्नुपर्ने विवरण समेत पेश गर्नुपर्नेछ ।

यस आयोजनाको पूर्ण अवधिमा, आधारभूत स्वास्थ्य र उचित पोषणका साथै आमा र महिलाहरुको आयआर्जनको दिगोपनको लागि हासिल हुने उपलब्धिहरुको विवरण पेश गर्नुपर्ने छ ।

**६. आयोजना संचालन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति**

गाँउपालिकाको वित्तिय सहयोग र नेतृत्वमा कार्यक्रम संचालन हुने र गैर सरकारी संस्थासँग पनि आवश्यकता अनुसारको वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति हुनुपर्नेछ । गैर सरकारी संस्था मार्फत कार्यक्रम संचालन र व्यवस्थापन गरिने छ । यसका साथै यस गाँउपालिका अन्तर्गतका १ प्राथमिक स्वास्थ्य केन्द्र, ३ स्वास्थ्य चौकी, २ आधारभूत स्वास्थ्य चौकीका कर्मचारीहरुको पनि यस कार्यक्रम कार्यान्वयनमा उपयोग गरिनुका साथै यस गाउँपालिकाका सम्पूर्ण स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुले पनि गैर सरकारी संस्थासँग सहकार्य गरी यस कार्यक्रमलाई संचालन गरिनेछ ।

**७. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन**

कार्यक्रमलाई प्रमुख रुपमा गाउँपालिकाको स्वास्थ्य शाखा, वडा कार्यालय, वडामा रहेका सरोकारवालाहरु र गैर सरकारी संस्थाले प्रत्यक्ष रुपमा यस कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्नेछ र संघीय र प्रादेशिक तहबाट पनि आवश्यकता अनुसार अनुगमन गर्न सकिनेछ ।

**८. कार्य समयतालिका**

कार्यक्रम कार्यान्वनका लागि यथार्थपरक र व्यवहारिक कार्यतालिका पेश गर्नुपर्नेछ ।